# उच्च माध्यमिक शिक्षा नियमावली, २०५२

**नेपाल राजपत्रमा प्रकाशित मिति**
**२०५३।२।७**

उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "उच्च माध्यमिक शिक्षा नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावली,-

(क) "ऐन" भन्नाले उच्च माध्यमिक शिक्षा ऐन, २०४६ सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले सभा र परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले सभा र परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य-सचिव" भन्नाले सभा र परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले नियम ८ बमोजिमको उच्च माध्यमिक विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "शिक्षक" भन्नाले उच्च माध्यमिक विद्यालयमा अध्यापन गर्ने शिक्षक सम्झनु पर्छ ।

३. **सम्बन्धनको लागि निवेदन दिनु पर्ने** : (१) ऐनको दफा ३ बमोजिम उच्च माध्यमिक शिक्षा दिने विद्यालयको रुपमा परिषद्सँग सम्बन्धन गर्न चाहने श्री ५ को सरकारबाट स्वीकृत प्राप्त माध्यमिक विद्यालय, व्यक्ति वा संस्थाले परिषद्ले सार्वजनिक सूचनाद्वारा तोकिदिएको म्यादभित्र अनुसूची-१ बमोजिमको ढाँचामा परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा त्यस्ता विद्यालय, व्यक्ति वा संस्थाले देहायका पूर्वाधार एवं शर्तहरु पूरा गरेको हुनु पर्नेछ :-

(क) विद्यालयको पक्की भवन र कक्षा सञ्चालन गर्न उपयुक्त र पर्याप्त कोठाहरुको व्यवस्था भएको ।

(ख) उच्च माध्यमिक शिक्षाको लागि परिषद्बाट स्वीकृत पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक र अन्य सन्दर्भ पुस्तक तथा पत्रपत्रिका सहितको पुस्तकालयको व्यवस्था भएको ।

(ग) प्रयोगात्मक कक्षा संचालन गर्न आवश्यक हुने विषयको लागि आवश्यक उपकरण तथा सुविधायुक्त प्रयोगशालाको व्यवस्था भएको ।

(घ) अतिरिक्त क्रियाकलापको लागि आवश्यक खेलकूद मैदान, खानेपानी तथा शौचालय आदिको उपयुक्त सुविधा भएको ।

(ङ) विद्यार्थी तथा शिक्षकका लागि पर्याप्त फर्निचरको व्यवस्था भएको ।

(च) परिषद्ले तोके अनुसारको शैक्षिक योग्यता पुगेका विषयगत शिक्षकहरुको व्यवस्था भएको ।

(छ) परिषद्ले निर्धारण गरे अनुसारको रकम विद्यालयको नाममा कुनै बैंकमा मुद्दती खातामा जम्मा गरेको प्रमाण संलग्न गरेको ।

(ज) श्री ५ को सरकारबाट स्वीकृति प्राप्त माध्यमिक विद्यालयको हकमा गत तीन वर्षको प्रवेशिका परीक्षामा परिषद्ले निर्धारण गरे बमोजिम प्रतिशतमा विद्यार्थी उत्तीर्ण गरेको ।

(झ) परिषद्ले समय समयमा निर्धारण गरेका अन्य आवश्यक शर्तहरु पूरा गरेको ।

४. **अस्थायी सम्बन्धन प्रदान गर्ने** : परिषद्ले नियम ३ बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा निर्धारित शर्तहरु पूरा भए नभएको छानवीन गर्नुको साथै उच्च माध्यमिक शिक्षा दिने विद्यालय रहने क्षेत्रको जनसंख्या, भौगोलिक स्थिति, त्यस क्षेत्रमा उच्च माध्यमिक विद्यालय चल्न सक्ने नसक्ने स्थितिलाई समेत विचार गरी श्री ५ को सरकारको स्वीकृति प्राप्त माध्यमिक विद्यालय, व्यक्ति वा संस्थालाई उच्च माध्यमिक शिक्षा दिने विद्यालयको रुपमा अस्थायी सम्बन्धन प्रदान गर्न सक्नेछ ।

तर उच्च माध्यमिक शिक्षा दिने विद्यालयको रुपमा सम्बन्धन प्राप्त कुनै विद्यालयको शैक्षिक गतिविधिलाई असर पर्ने देखिएमा परिषद्ले त्यस्तो विद्यालय, व्यक्ति वा संस्थालाई अस्थायी सम्बन्धन प्रदान पर्न सक्नेछ ।

५. **स्थायी सम्बन्धन प्रदान गर्ने** : (१) नियम ४ बमोजिम अस्थायी सम्बन्धन प्राप्त गरेका उच्च माध्यमिक विद्यालयले यस नियमावलीमा उल्लिखित र परिषद्ले तोकिदिएको शर्तहरु पूर्णरुपले पालना गरी दुई वर्षको एक शैक्षिक तह पुरा गरी सकेपछि त्यस्ता विद्यालयहरुले प्राप्त गरेको नतिजालाई समेत ध्यानमा राखी परिषद्ले स्थायी सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थायी सम्बन्धन प्रदान गर्नु अघि परिषद्ले सम्बन्धित उच्च माध्यमिक विद्यालयको शैक्षिक, भौतिक र अन्य आवश्यकीय पक्षहरुको स्थलगत अध्ययन गर्नेछ ।

६. **स्वीकृत पाठ्यक्रम र परीक्षा लागू गर्नु पर्ने** : सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयले परिषद्द्वारा स्वीकृत पाठ्यक्रम र परीक्षा प्रणाली लागू गर्नु पर्नेछ ।

७. **सम्बन्धन स्थगन वा रद्द गर्ने** : (१) कुनै उच्च माध्यमिक विद्यालयले ऐन र यस नियमावली विपरित उच्च शिक्षा प्रदान गरेमा वा सभा र परिषद्को निर्देशनको पालना नगरेमा वा

परिषद्‌द्वारा निर्धारित कुनै शर्त पूरा नगरेमा परिषद्‌ले आफुले दिएको सम्बन्धन स्थगन वा रद्द गर्न सक्नेछ ।

तर त्यस्तो उच्च माध्यमिक विद्यालयलाई सफाई पेश गर्ने मौका नदिई सम्बन्धन स्थगन वा रद्द गरिनेछैन ।

(२) कुनै उच्च माध्यमिक विद्यालयले आफैंले परिषद्‌बाट पाएको सम्बन्धन स्थगन वा रद्द गर्न चाहेमा परिषद् समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै निवेदन पर्न आएमा परिषद्‌ले सो निवेदन र सम्बन्धित उच्च माध्यमिक विद्यालयको शैक्षिक स्थितिलाई समेत विचार गरी त्यस्तो सम्बन्धन स्थगन वा रद्द गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम परिषद्‌ले सम्बन्धन स्थगन वा रद्द गर्दा निरीक्षण टोली खटाई सो टोलीबाट प्राप्त प्रतिवेदन समेतको आधारमा स्थगन वा रद्द गर्नु पर्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम परिषद्‌ले सम्बन्धन स्थगन वा रद्द गर्दा सकभर यस्तो विद्यालयको शैक्षिक सत्रलाई असर नपर्ने गरी गर्नु पर्नेछ ।

(६) उपनियम (१) वा (३) बमोजिम सम्बन्धन स्थगन वा रद्द भएका उच्च माध्यमिक विद्यालयमा नयाँ विद्यार्थी भर्ना गर्न पाइनेछैन ।

तर त्यस्तो उच्च माध्यमिक विद्यालयले भर्ना भइसकेका विद्यार्थीहरुको उच्च माध्यमिक तह पूरा गर्न लाग्ने न्यूनतम अवधिसम्म अनिवार्यरुपले कक्षा संचालन गर्नुपर्नेछ ।

(७) सम्बन्धन स्थगन भएको उच्च माध्यमिक विद्यालयको कुनै शैक्षिक सत्रको अन्तिम अवधिसम्म त्यस्तो स्थगन फुकुवा नभएमा सो अवधि पूरा हुनासाथ नियम ४ वा ५ बमोजिम प्रदान गरिएको सम्बन्धन स्वतः रद्द भएको मानिनेछ ।

८. **उच्च माध्यमिक विद्यालयको व्यवस्थापन** : (१) ऐनको दफा ३ को उपदफा ३.१ बमोजिम सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयको व्यवस्थापन सम्बन्धी कार्य शिक्षा नियमावली, २०४९ बमोजिम गठित माध्यमिक विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

(२) ऐनको दफा ३ को उपदफा ३.२ बमोजिम सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयको व्यवस्थापन सम्बन्धी कार्य देहाय बमोजिमको व्यवस्थापन समितिले गर्नेछ :-

(क) स्थानीय अभिभावक, चन्दादाता, शिक्षाप्रेमी र समाजसेवीहरु मध्ये जिल्ला अधिकारीले सिफारिस गरी पठाएका तीन जना व्यक्तिहरु मध्येबाट परिषद्‌बाट मनोनित व्यक्ति - अध्यक्ष

(ख) जिल्ला शिक्षा कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालीकाको सम्बन्धित वडा सदस्य - सदस्य

(घ) स्थानीय समाजसेवी, बुद्धिजीवी वा शिक्षाप्रेमी मध्ये कम्तीमा एकजना महिला पर्ने गरी क्षेत्रीय शिक्षा निर्देशकको सिफारिशमा परिषद्बाट मनोनित दुई जना - सदस्य

(ङ) अभिभावक तथा चन्दादाताहरु मध्ये एक एक जना पर्ने गरी जिल्ला शिक्षा समितिको सिफारिसमा परिषद्बाट मनोनित दुईजना - सदस्य

(च) सम्बन्धित उच्च माध्यमिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुले आफूमध्येबाट छानेको शिक्षक प्रतिनिधि एक जना - सदस्य

(छ) सम्बन्धित उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक - सदस्य-सचिव

(३) उपनियम (२) बमोजिम गठित व्यवस्थापन समितिका मनोनित पदाधिकारीहरुको पदावधि दुई वर्षको हुनेछ ।

९. **बैठक सम्बन्धी कार्यविधि** : (१) नियम ८ को उपनियम (१) बमोजिमको व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि शिक्षा नियमावली, २०४९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) नियम ८ को उपनियम (२) बमोजिम गठित व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :-

(क) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनाको एक पटक बस्नेछ ।

(ख) व्यवस्थापन समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) व्यवस्थापन समितिको अध्यक्षको निर्देशानुसार सो समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिका सबै सदस्यहरुलाई बैठक भन्दा सामान्यतयाः चौबिस घण्टा अगावै दिनु पर्नेछ ।

(घ) व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(ङ) व्यवस्थापन समितिमा कायम रहेको सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थिति भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(च) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) व्यवस्थापन समितिको बैठकको निर्णय, सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(ज) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **व्यवस्थापन, समितिको काम, कर्तव्य र अधिकार** : (१) नियम ८ को उपनियम (१) बमोजिमको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार शिक्षा नियमावली, २०४९ मा उल्लेखित माध्यमिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारको अतिरिक्त देहाय बमोजिम हुनेछ :-

(क) उच्च माध्यमिक शिक्षा संचालन गर्नको लागि आवश्यक शिक्षकको व्यवस्था गर्ने ।

(ख) परिषद्बाट स्वीकृत पाठ्यक्रम एवं शैक्षिक कार्यक्रम अनुसार अध्ययन अध्यापनको उचित व्यवस्था मिलाउने ।

(ग) उच्च माध्यमिक शिक्षा संचालन गर्नको लागि आवश्यक आर्थिक स्रोत जुटाउने र प्राप्त स्रोतको अधिकतम उपयोग गर्ने ।

(घ) उच्च माध्यमिक शिक्षा संचालन गर्ने सम्बन्धमा परिषद्को नीति, निर्णय तथा निर्देशन अनुरुप कार्य गर्ने, गराउने ।

(२) नियम ८ को उपनियम (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च माध्यमिक विद्यालयको संचालन, रेखदेख, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने, गराउने ।

(ख) अध्यापनको लागि चाहिने शिक्षक तथा कर्मचारीहरुको उचित व्यवस्था गर्ने ।

(ग) उच्च माध्यमिक विद्यालय संचालन गर्नको लागि आवश्यक आर्थिक, भौतिक एवं प्राविधिक स्रोतको व्यवस्था मिलाउने ।

(घ) परिषद्द्वारा स्वीकृत पाठ्यक्रम र शैक्षिक कार्यक्रम अनुसार अध्ययन अध्यापनको व्यवस्था मिलाउने ।

(ङ) शैक्षिक गुणस्तर अभिवृद्धिको लागि परिषद्, नेपाल अधिराज्यका विश्वविद्यालय तथा अन्य शैक्षिक निकायहरु बीच समन्वय कायम गर्ने ।

(च) उच्च माध्यमिक विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने ।

(छ) उच्च माध्यमिक विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(ज) लेखापरीक्षक नियुक्त गर्ने र निजको प्रतिवेदन माथि कारवाही गर्ने ।

(झ) प्रत्येक वर्ष स्थानीय अभिभावक, चन्दादाता र शिक्षाप्रेमीहरुको साधारण सभा गर्ने र सो सभामा उच्च माध्यमिक विद्यालयको आय व्यय र शैक्षिक गतिविधिको विवरण पेश गर्ने ।

(ञ) स्वच्छ शैक्षिक वातावरण कायम राख्न उच्च माध्यमिक विद्यालयलाई विभिन्न रचनात्मक क्रियाकलापमा सहभागी गराउने ।

(ट) अवाञ्छित गतिविधिमा संलग्न हुने शिक्षक, कर्मचारी एवं विद्यार्थी उपर आवश्यक कारवाही गर्ने ।

(ठ) शैक्षिक गुणस्तर अभिवृद्धिको लागि आयोजना हुने सेमिनार, गोष्ठी, तालीम आदि कार्यक्रममा शिक्षक एवं कर्मचारीलाई सहभागी तुल्याउने ।

(ड) परिषद्को नीति, निर्णय र निर्देशन अनुरुप अन्य कार्य गर्ने, गराउने ।

११. **विघटन गर्न सकिने** : (१) नियम ८ को उपनियम (२) बमोजिम गठित व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेमा वा ऐन, यस नियमावली वा परिषद्को निर्देशन अनुरुप कार्य नगरेमा परिषद्ले त्यस्तो व्यवस्थापन समितिलाई उच्च माध्यमिक विद्यालय रहेको क्षेत्रको क्षेत्रीय शिक्षा निर्देशक र जिल्ला शिक्षा अधिकारीसँग परामर्श गरी विघटन गर्न सक्नेछ ।

तर सफाई पेश गर्ने मौका नदिई त्यस्तो व्यवस्थापन समितिलाई विघटन गरिने छैन ।

(२) व्यवस्थापन समिति विघटन गर्नु अघि परिषद्ले आवश्यक ठानेमा तत्सम्बन्धमा आवश्यक जाचँबुझ गर्न, गराउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम व्यवस्थापन समिति विघटन भएमा वा अन्य कुनै कारणवश व्यवस्थापन समिति कायम नरहेमा अर्को व्यवस्था नभएसम्म परिषद्ले एक अस्थायी व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१२. **विघटनको लागि लेखी पठाउन सक्ने** : नियम ८ को उपनियम (१) बमोजिमको व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा ऐन, यस नियमावली वा परिषद्को निर्देशन अनुरुप कार्य नगरेमा त्यस्तो व्यवस्थापन समिति विघटन गर्नको लागि परिषद्को सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१३. **परिषद्सँग परामर्श लिनु पर्ने** : उच्च शिक्षा दिने विद्यालय मध्ये श्री ५ को सरकारबाट स्वीकृति प्राप्त माध्यमिक विद्यालयको व्यवस्थापन समिति गठन वा विघटन गर्नु अघि जिल्ला शिक्षा समितिले परिषद्सँग लिनु पर्नेछ ।

१४. **अनुसन्धान तथा परामर्श आदि गर्न सक्ने** : परिषद्ले राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैर सरकारी संघ संस्थाहरुसँग सम्झौता गरी अनुसन्धान, परामर्श तथा तालीम सम्बन्धी विषयमा आवश्यक काम गर्न सक्नेछ ।

तर अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संघ संस्थाहरुसँग अनुसन्धान परामर्श तथा तालीम सम्बन्धमा सम्झौता गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१५. **सभाको बैठक सम्बन्धी कार्यविधि** : (१) सभाको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ ।

(२) सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य सचिवले सभाको बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै दिनु पर्नेछ ।

(४) सभाका कायम रहेको सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सभाका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले सभाको बैठकको अध्यक्षता गर्नेछ ।

(६) सभाको बैठकको निर्णय सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

(७) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरुको व्यवस्थापन एवं संचालन सम्बन्धी नीति तथा कार्यक्रम बनाउने ।

(ख) उच्च माध्यमिक शिक्षाको विकासको लागि उपयुक्त कार्यक्रमहरु संचालन गर्ने तथा उच्च माध्यमिक शिक्षा सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने, गराउने ।

(ग) उच्च माध्यमिक शिक्षा दिने विद्यालय, व्यक्ति वा संस्थालाई सम्बन्धन प्रदान गर्ने ।

(घ) उच्च माध्यमिक शिक्षाका लागि आवश्यक पाठ्यक्रम स्वीकृत गर्ने तथा पाठ्यपुस्तक तयार गराउने ।

(ङ) परिषद्लाई आवश्यक पर्ने जनशक्तिको व्यवस्था मिलाउने ।

(च) परिषद्का लागि आवश्यक कर्मचारीहरुको दरबन्दी स्वीकृत गर्ने ।

(छ) परिषद्को कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्ने तथा त्यस्तो उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि तोक्ने ।

(ज) सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरुको सम्पूर्ण विवरण सहितको अभिलेख अद्यावधिक रुपमा राख्ने, राख्न लगाउने ।

(झ) परिषद्का कर्मचारीहरुको अध्ययन र असाधारण विदा स्वीकृत गर्ने ।

(ञ) सभाको नीति, निर्देशन र निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ट) उच्च माध्यमिक विद्यालय संचालनको सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने, गराउने ।

१७. **परिषद्को बैठक सम्बन्धी कार्यविधि** : (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य सचिवले परिषद्को बैठकमा छलफल हुने विषयको कार्यसूची सहितका सूचना परिषद्का सबै सदस्यहरुलाई बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै दिनु पर्नेछ ।

(४) परिषद्मा कायम रहेको सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **निर्देशन दिने अधिकार** : अध्यक्षले परिषद्सँग सम्बन्धित जुनसुकै विषय वा कार्यको निरीक्षण गर्न तथा सो सम्बन्धमा परिषद्का कुनै पदाधिकारी वा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को अल्पकालीन र दीर्घकालीन नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा सभा र परिषद्लाई सहयोग गर्ने ।

(ख) परिषद्सँग सम्बद्ध स्वदेशी तथा विदेशी सरकारी एवं गैरसरकारी संस्था वा व्यक्तिसँग समन्वय कायम गर्ने ।

(ग) परिषद् अन्तर्गत संचालित योजना तथा कार्यक्रमहरुको प्रगति मूल्यांकन गर्ने, गराउने ।

(घ) सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरुको निरीक्षण गर्ने, गराउने र त्यस्ता विद्यालयहरुको काम कारवाही सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) परिषद् वा सभासँग सम्बन्धित मुद्दा मामिलामा सभा वा परिषद्को तर्फबाट आवश्यक कारवाही गर्ने ।

(च) सभा र परिषद् समक्ष पेश गर्ने प्रस्तावहरु तयार गर्न लगाउने ।

२०. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार** : (१) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभा तथा परिषद्मा पेश हुने प्रस्तावहरु तयार गर्ने, गराउने ।

(ख) सभा तथा परिषद्बाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) परिषद्को अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी परिषद् समक्ष पेश गर्ने ।

(घ) परिषद्को कोष परिचालन, सम्पत्तिको व्यवस्था, संरक्षण र संचालन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।

(२) उपनियम (१) बमोजिम सदस्य सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा उपाध्यक्षको नियन्त्रण र निर्देशनमा रही गर्नेछ ।

२१. **उपाध्यक्ष र सदस्य-सचिवको सेवा शर्त तथा सुविधा** : (१) उपाध्यक्ष परिषद्को पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) सदस्य-सचिव परिषद्को पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) उपाध्यक्ष र सदस्य-सचिवले आफ्नो पदमा बहाली गरेको दिन देखि पारिश्रमिक पाउनेछन् ।

(४) उपाध्यक्ष र सदस्य-सचिवको पारिश्रमिक, सेवाका अन्य शर्तहरु र सुविधा सम्बन्धी व्यवस्थापन विनियम नबनेसम्म श्री ५ को सरकारले तोकिदिएको बमोजिम हुनेछ ।

२२. **अधिकार प्रत्यायोजन** : उपाध्यक्षले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार सदस्य-सचिव, परिषद्का कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **प्रतिक चिन्ह** : परिषद्को प्रतिक चिन्ह अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

२४. **बचाउ** : यो नियमावली प्रारम्भ हुनु अघि ऐनको अधिनमा रही परिषद्बाट भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची - १
### (नियम ३ सँग सम्बन्धित)
### परिषद्‌सँग सम्बन्धन प्राप्त गर्न दिइने निवेदन

उच्च माध्यमिक शिक्षा परिषद्

.....................................।

यस माध्यमिक विद्यालय/संस्थामा ............................सालको शैक्षिक सत्रदेखि उच्च माध्यमिक तह (१०+२) को कक्षा संचालन गर्ने भएकोले देहायका विवरणहरु खुलाई यो निवेदन गरेका छौं । उक्त माध्यमिक विद्यालय/संस्थालाई उच्च माध्यमिक शिक्षा दिने विद्यालयको रुपमा सम्बन्धन पाउन अनुरोध गर्दछौं ।

१. माध्यमिक विद्यालय/संस्थाको विवरण :

(क) नाम :-

(ख) ठेगाना :-

(१) जिल्ला :- (२) न.पा.।गा.वि.स. :- वार्ड नं. :-

(ग) माध्यमिक विद्यालय भए स्थापना भएको वर्ष :-

(घ) निवेदन दिने संस्था भए संस्था दर्ता भएको वर्ष :-

(ङ) माध्यमिक विद्यालय भए,

(१) अध्ययन शुरु वर्षको वर्ष :-

(२) श्री ५ को सरकारबाट अनुदान प्राप्त भए पूर्ण वा आशिंक :-

(३) निजी :-

२. माध्यमिक विद्यालय/संस्थाको भौतिक विवरण :-

(क) भवन :

(१) पक्की/कच्ची (२) तला : (३) कोठा :

(४) स्वामित्व भएको/भाडामा (५) भवन रहेको जग्गाको क्षेत्रफल

(ख) के कति फर्निचर छन् (किसिम र संख्या खुलाउने) ।

(ग) पुस्तकालय भवन छ छैन ।

(घ) वाचनालय छुट्टै व्यवस्था छ छैन ।

(ङ) शौचालयको व्यवस्था छ छैन ।

३. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु :

(क) व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि ।

(ख) विद्यालय, व्यक्ति वा संस्थाको नाममा रहेको घर जग्गाको जग्गा धनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि ।

(ग) घर बहालमा लिएको भए भाडा सम्बन्धमा भएको कबुलियतको प्रतिलिपि ।

(घ) बैंकको मौज्दात रकमको प्रमाणको प्रतिलिपि ।

(ङ) सम्बन्धन लिनको लागि बैंकमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि ।

(च) उच्च माध्यमिक विद्यालयमा नयाँ नियुक्ति हुने शिक्षकहरुले तीन वर्षसम्म अध्यापन गर्न गरेको कबुलियतनामा र त्यस्ता शिक्षकको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।

(छ) अन्य श्रोतबाट आर्थिक श्रोत जुटाउने भए सो जुटाउने आधारहरु ।

निवेदक :

सही :

नाम :

पद :

मिति :

## अनुसूची - २

(नियम २४ सँग सम्बन्धित)

**परिषद्को प्रतिक चिन्ह**

. किताब बीचमा भै षट्कोणभित्र हातले बत्ती समातेको गोलाकार घेरा खिचिएको माथिल्लो भागमा अर्ध गोलाकार गरी उच्च माध्यमिक शिक्षा परिषद् अंकित सोको तल्लो भागमा २०४६ लेखिएको र मुन्तिरको अर्ध गोलाकार भागमा अंग्रेजीमा Higher Secondary Education Board लेखिएको र सोको माथिल्लो बीच भागमा १९८९ लेखिएको परिषद्को छाप हुनेछ ।